National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 26.06.2025

प्रमुख समाचार :-

- भारतीय वायु सेनाका ग्रुप कैप्टन शुभांशु शुक्ला लगायत- ऐक्शियोम 4 चालकदस बोकेको स्पेस एक्स ड्रेगन अंतरिक्ष यान, जोड़िएपछी, भारतले इतिहास रचेकोछ ।
- भारतले चीनको हिगदाओमा शंघाई सहयोग संगठनका रक्षा मन्त्रीहरूको बैठकमा संयुक्त घोषणा पत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेकोछ ।
- गृहमन्त्री अमित शाहले हिन्दी अन्य भारतीय भाषाहरूको सहयोगी भाषा हो र यसलाई अन्य भाषाहरूको प्रतिद्वंदी भएको बुझनु न हुने भन्नुभएकोछ ।
- मौसम विभागले अघिल्ला तीन, चार दिनमा उत्तरी राजस्थान, पंजाब, हरियाणा, दिल्लीका रहल क्षेत्रहरूमा मोनसून पुग्ने भनेकोछ।

भारत- शंधाई सहयोग संगठन

भारतले चीनको छिगदाओमा शंघाई सहयोग संगठन - एस सि ओ को रक्षा मन्त्रीहरूको बैठकमा, संयुक्त घोषणा पत्रमा हस्ताक्षर गर्न अस्वीकार गरेकोछ । आधिकारिक सूत्रका अनुसार, भारत, संयुक्त कागत- पत्रको भाषाले संतुष्ट छैन । यसमा सीमापार आतंकी गतिविधिको कुनै- उल्लेख छैन ।यसमा सीमापार आतंकी गतिविधिको कुनै- उल्लेख छैन । रक्षा मन्त्री राजनाथ सिंह द्वारा संयुक्त घोषणा पत्रको समर्थन गर्न अस्वीकार गरेकोले गर्दा सम्मेलन, संयुक्त विज्ञप्ति बिना नै समाप्त भयो । यसअघि रक्षामन्त्री राजनाथ सिंहले आतंकवाद, कट्टरता र चरमपंथवाद विरूद्ध एकीकृत वैश्विक कार्रवाईको आहवान गर्नुभयो । श्री सिंहले यसलाई क्षेत्रीय शान्ति र विश्वासका लागि सबभन्दा ठूलो खतरा भएरो बताउनुभयो ।

चीनको छिगदाओमा एस सि ओ का रक्षा मन्त्रीहरूको बैठकलाई सम्बोधित गर्दै श्री सिंहले शान्ति र समृद्धि, आतंकवाद का साथ हुन सक्तैनन भन्नुभयो । उहाँले भन्नुभयो, आतंकवादको अब सुरक्षित छैनन् र भारतले ती केन्द्रहरूलाई निशाना बनाउनुमा संकोच गर्ने छैन । वर्ष 2001 मा स्थापित शंघाई सहयोग संगठन, एक अंतर सरकारी निकाय, हो । 2017 मा भारत यसको पूर्ण सदस्य बन्यो । सदस्य देशहरूमा कजाख्तान, चीन, किर्गिस्तान, पाकिस्तान, रूस, ताजिकिस्तान, उजबेकिस्तान, ईरान, बेलारूस र भारत शामेल छन् ।

एघार इंडिया- डेटा

अहमदाबादमा हालैमा भएको एयर इंडिया विमान दुर्घटनामा परेको ए आई- 171 को ब्लेक बक्सबाट घटनाका कारणहरूका पत्तो लगाउनका लागि डेटा प्राप्त गरिएको ब्लेक बक्सबाट क्रेश प्रोटेक्शन मोड्यूललाई सुरक्षित निकालिएको छ साथै मेमोरी मोड्यूललाई पनि सफलतापूर्वक प्राप्त गरिएकोछ । नागरिक उड्डयन मन्त्रालयले एक बयानमा, कोक्पिट वोइस रिकोरडर र फ्लाइट डेटा रिकोरडर को विश्लेषण जारी रहेको भनेकोछ जसले दुर्घटनाका कारणहरूको पत्तो लागोस अनि भविष्यमा यस्ता घटनाहरूको रोकथाम गरिने कारकहरूको पहिचान गर्न सकियोस ।

---

भारतले आज तब इतिहास रच्यो जब स्पेस ड्रैगन अन्तरिक्षयान अपराह्न 4 बजे अन्तर्राष्ट्रीय अन्तरिक्ष स्टेशन- आई एस एस सित डोक गरियो अर्थात जोड़ियो । यस यानका चालक दलका चार सदस्यहरूमा भारतीय वायु सेनाका ग्रुप कैप्टन शुभान्शु शुक्ला पनि शामेल छन् । यसका साथै 41 वर्ष पछी अंतरिक्षमा भारतको कुनै अन्तरिक्ष यात्री पुगेकोछ । लखनऊमा जन्मेका शुक्ला 1984 मा राकेश शर्माको उड़ान पछी, अन्तरिक्षमा पुग्ने दोस्रो भारतीय पनि हुन । यो ऐतिहासिक मिशनको अमेरीका, भारत, पोलैण्ड र हंगरीका चार अन्तरिक्ष यात्रीहरूलाई अन्तर्राष्ट्रीय अन्तरिक्ष केन्द्रमा 14 दिने वैज्ञानिक अभियान अन्तर्गत लिएर गएकोछ ।

एरियोण- 4 मिशन, एउटा वैज्ञानिक उपलब्धि मात्र न भई, वैश्विक प्रोद्योगिकी महाशक्तिको रूपमा भारतको बढ़दो कदको प्रमाण पनि हो। शुभान्शु शुक्लाले भोजन र अन्तरिक्ष पोषणसित संबधित उन्नत प्रयोग गर्नेछन् ।

---

शाह- हिन्दी भाषा

गृहमन्त्री अमित शाहले भन्नुभएकोछ, हिन्दी, अन्य भारतीय भाषाहरूको सहयोगी भाषा हो र यसलाई अन्य भाषाहरूको प्रतिद्वंदी भाषा भनि बुझनु हुँदैन । भाषा, संचारको माध्यम मात्र न भई, राष्ट्रको आत्मा पनि हो, श्री शाहले भन्नुभयो । नयाँ दिल्लीमा राजभाषा विभागको स्वर्ण जयन्ती समारोहमा गृहमन्त्रीले, भाषाहरूलाई जिवित र समृद्ध बनाइ राख्ने आवश्यकतामा जोढ़ दिनुभयो । प्रशासनिक कार्य, आम बोलचालको भाषामा हुनुपर्ने उहाँले भन्नुभयो । जेइ, निट र सि यू इ टि का परीक्षाहरू, अब 13 भाषाहरूमा आयोजित गरिन्दैछन श्री शाहले भन्नुभयो ।

---

## विदेश मन्त्रालय- ब्रिफींग

विदेश मन्त्रालयले भनेकोछ, शंघाई सहयोग संगठनका रक्षा मन्त्रीहरूको बैठकमा भाग लिने सदस्य देशहरूले संयुक्त व्यक्तव्यलाई अंगीकार गर्न सकेनन् केही सदस्य देशहरूका केहि मुद्दाहरूमा आम सहमति न बनेकोले गर्दा साझा दस्तावेजलाई अंतिम रूप दिन सकिएन । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले आज नयाँ दिल्लीमा मीडियालाई संबोधित गर्दै रक्षा मन्त्री राजनाथ सिंहले इ सि ओ का रक्षा मन्त्रीहरूको बैठकमा भाग लिएको बताए । श्री जायसवालले भने रक्षी मन्त्रीले सदस्य देशहरूसित आतंकवादका सबै रूपहरूसित लड्न एक साथ आउने आहवान पनि गर्नुभयो ।

---

## एक्सिओम- जितेन्द्र सिंह

विज्ञान तथा प्रोद्यौगिकी मन्त्री डां जीतेन्द्र सिंहले भारतीय वायुसेनाका ग्रुप कैप्टन शुभांशु शुक्ला र एक्सियोम- 4 टीमलाई अन्तर्राष्ट्रीय अन्तरिक्ष स्टेशनमा सफल डोर्किंगका लागि बधाई दिनुभएकोछ ।

---

## वेष्णव- रेल

केन्द्रिय मन्त्री ज्योतिराजित्य सिधियाले मध्यप्रदेशका मुख्यमन्त्री मोहन यादवसित मिले आज खालियर- बँगलुरू ऐक्सप्रेस रेलगाड़ीलाई झण्डा देखाई शुभारम्भ गर्नुभयो । यो रेलगाड़ी, खालियरबाट प्रत्येक शुक्रबार र बँगलुरूबाट आईताबार संचालन हुनेछ । नियमित सेवा, 29 जूनमा बँगलुरू देखि अनि खालियर देखि 4 जुलाईमा शुरू हुनेछ ।

विडियो कन्फ्रेन्सींग मार्फत कार्यक्रमलाई संबोधित गर्दै रेल मन्त्री अश्विनी वैष्णवले यस रेलगाड़ीको थालनीय खालियर, गुना र भोषआलका जनता धेरै लाभान्वित हुनेछन् भन्नुभयो ।

---

## मौसम विभाग

मौसम विभागले भनेकोछ, अघिल्ला तीन देखि चार दिनमा मनसून, उत्तरी राजस्थान, पंजाब, हरियाणा र दिल्लीका रहल क्षेत्रहरूमा पुग्नेछ । विभागका अनुसार, केरल र दक्षिणी आंतरिक कर्नाटकमा मूसलाधार वर्षा हुने रेड ऐलर्ट पनि जारी गरिएकोछ । आकाशवाणी समाचारसित कुरा गर्दै मौसम विभागका वरिष्ठ वैज्ञानिक आर के जेनामान ले मध्यप्रदेश, गुजरात र पूर्वी राजस्थानमा एक्रिय मनसूनको स्थिति भई रहेको भनेकाछन् । जम्मू कश्मीर, हिमाचल प्रदेश र उत्तराखंडमा आगामी दुई तीन दिनमा मूसलाधार पानी पर्ने संभावना रहेकोछ ।

---

ऐशियन डबल्स स्क्वाश चैम्पियनशीप

कुआलालुम्पुरमा दोस्रो ऐशियन डबल्स स्क्वाश चैम्पियनशीपमा एउटा घतलाग्दो उपलब्धि अन्तर्गत भारतले पुरूष, महिला र मिश्रित खेल- प्रतिबद्धता का तीनट खिताबहरू जीतेकोछ ।